प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर
☎०५७-५२१८०७

प.सं.: २०७७।०७८

च.नं.:

मितिः२०७७/०७/२६

**बागमती प्रदेश सरकारको आय व्यय विवरण सम्वन्धमा**

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७६।७७ मा गरेको विभिन्न कार्यालय मार्फत गरेको आय र व्ययको प्रारम्भिक प्रतिवेदन आज मिति २०७७।७।२६ गते तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेशमा पेश गरिएको छ । यसको साथै संचित कोषको प्रारम्भिक प्रतिवेदनको Scan Copy इमेल मार्फत महालेखा परीक्षको कार्यालय र महालेलखा नियन्त्रक कार्यालयमा समेत पेश गरिएको छ । सक्कल प्रारम्भिक प्रतिवेदनको प्रति यथाशीघ्र पेश गरिनेछ । प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएका मुख्य मुख्य विषयहरु यस प्रकार रहेको व्यहोरा अनुरोध गर्दछु ।

१. बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ मा कर राजश्व, गैरकर राजश्व, गत वर्षको वचत र वित्तिय हस्तान्तरणबाट प्राप्त रकम समेत गरि जम्मा आय रु. ४७,४२,०२,८४,०४२/७२ (विभाज्य कोषमा जम्मा भएको बाहेक ) प्राप्त भएको छ । प्राप्त आय मध्ये जम्मा रु. २७,९५,०८,७०,४६९/३५ खर्च भएको छ । संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान रकम रु.७,५९,६४,००,०००/००, शशर्त अनुदान रकम रु. ७,९७,८४,९६,६६५/००, विशेष अनुदान रकम रु.४१,००,००,०००/०० र समपुरक अनुदान रकम रु.६४,६६,००,०००/०० गरि कुल १६,६३१,४९६,६६५/०० प्राप्त भएको छ। समानिकरण अनुदानबाट खर्च रु.४२७८२०६९८४/५४, शशर्त अनुदानबाट खर्च रु. ५,९५,०५,११,८५८/३७, विशेष अनुदानबाट खर्च रु. ५,२८,९०,२०२/३९ र समपुरक अनुदानबाट खर्च रु. १२,२५,६२,८३१/८७ भई वित्तिय हस्तान्तरण अनुदानबाट जम्मा खर्च रु. १०,४०,४१,७१,८७७/१७ खर्च भएको छ । वित्तिय हस्तान्तरणको रकमबाट खर्च भएको मध्ये शशर्त अनुदानबाट रु.२,०२,७९,८४,८०६/६३, विशेष अनुदानबाट रु.३५,७१,०९,७९७/६१ र समपुरक अनुदानबाट रु. ५२,४०,३७,१६८/१३ खर्च नभई रु. २,९०,९१,३१,७७२/३७ बचत भएको छ । जसमध्ये रु.२,७०,९२,३५,७२७/३७ कोष तथा लेखा नियन्त्रक कार्यालय, मकवानपुर मार्फत संघिय सरकारको सञ्चित कोष खातामा अनुदान फिर्ता गरिएको छ ।

२. प्रदेश सरकारले आ.व. २०७६/०७७ मा गरेको कुल खर्च रु. २७,९५,०८,७०,४६९/०२ मध्ये चालु खर्च रु. १२,२६,८८,४९,०१८/५९ पुंजीगत खर्चतर्फ रु. १५,६८,२०,२१,४५०/७६ भएको छ । प्रदेश सरकारको आन्तिरक लेखा परीक्षणबाट रु.१,१२,७७,९४,१९०/०० पेश्कि बेरुजु र रु.५६,२२,६४,९४६.४० नियमित तथा असुल उपर गर्नुपर्ने बेरुजु देखिएको छ । प्रदेश सरकारको धरौटी खातामा गत बर्षको अ.ल्या. समेत यस अवधिमा जम्मा रु.१,३५,८९,३२,३६६/४६ प्राप्त भएकोमा धरौटी फिर्ता तथा सदरस्याहा रु.२,४४,६६,९१,११७/७१ भई हाल रु.१,११,२२,४१,२४८/७५ बचत रहेको देखिन्छ । प्रदेश सरकारको विविध (कार्यसंचालन कोष) खातामा गत वर्षको अ.ल्या. समेत जम्मा रु. ८४,०६,८८,०१३/८७ प्राप्त गरि रु.२९,५२,३२,१२७/५४ खर्च गर्दा रु. ५४,५४,५५,८८६/३३ बचत रहेको छ ।

३. आ.व.२०७६/०७७ मा प्रदेश सरकार र स्थानिय तह विच बाँडफाँड हुने सवारी साधन कर बापतको रकम प्रदेश सरकारको विभाज्य कोष खातामा रु. ६,४९,३१,८६,७५०/०० जम्मा भएको छ । यसमा २०७६

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

☎०५७-५२१८०७

प.सं.: २०७७।०७८

च.नं.:

मितिः२०७७/०७/२६

श्रावण १ देखि २०७७ असार २५ गतेसम्मको प्रदेश विभाज्य कोषमा जम्मा भएको रु. ६,२०,३६,३९,५८६/०० लाई बाँडफाँड गरि प्रदेश सञ्चित कोषमा रु. ३,७२,२१,८३,७५१/६० र सम्बन्धित स्थानिय तहको राजश्व प्राप्ती तथा विविध खातामा रु. २,४८,१४,५५,८३४.४० जम्मा गरिएको छ । गत आ.व.२०७६/०७७ को सवारी साधन बापतको बाँडफाँड हुन बाँकी रकम रु. २८,९५,४७,१६४/०० विभाज्य कोष खातामा रहेको छ ।

४. प्रदेश सरकार र स्थानिय सरकार बिच बाँडफाँड हुने गरि स्थानिय तहको विभाज्य कोष खातामा जम्मा भई प्रदेश सञ्चित कोषमा प्राप्त हुने रकममध्ये आ.व.२०६७/०७७ मा बाँडफाँड भई दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आयबाट रु.९८,६९,६५,७८७/६६, बाँडफाँड हुने मनोरञ्जन करबाट रु.७९,९८,५४२.९६ र बाँडफाँड हुने विज्ञापन करबाट रु.४,३०,३४,०९६/७७ गरि जम्मा रु.१,०३,७९,९८,४२७/३९ प्राप्त भएको देखिन्छ । त्यसैगरि बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर बापत बागमती प्रदेश सरकारलाई आ.व.२०७६/०७७ मा रु. ६,४४,५४,४९,८१९/८६ प्राप्त भएको छ ।

५. आ.व.२०७६/०७७ मा बागमती प्रदेश सरकारले स्थानीय तहलाई वित्तिय हस्तान्तरणबाट उपलब्ध गराएको समानीकरण अनुदान रु.१,२४,८६,२७,४३७/००, शशर्त अनुदान रु. १,७८,११,४१,९६२/४४, समपुरक अनुदान रु. १,२२,७८,०३,४१५/८४ र विशेष अनुदान रु. १९,७५,८२,३७२/०० गरि कुल रु. ४,४५,५१,५५,१८७/२८ अनुदान निकासा भएको छ ।

(हरि प्रसाद उपाध्याय)

प्रदेश लेखा नियन्त्रक

सक्षम निजामती प्रशासन, विकास, समृद्धि र सुशासन

http://ptco.p3.gov.np

Email: ptco@bagamati.gov.np